दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक ११८ | बुटवल | २०८२ बैशाख १२, गते शुक्रबार | नेपाल संवत ११४५ | Friday Apr. 25, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# ‘शिक्षकहरू तीन दिनभित्र विद्यालय फर्किनु पर्ने’

बुटवल । सर्वोच्च अदालतले आन्दोलनरत शिक्षकहरूलाई तीन दिनभित्र फर्किन आदेश दिएको छ ।

बिहीबार न्यायाधीश नहकुल सुवेदीको इजलासले अन्तरिम आदेश जारी गर्दै तीन दिनभित्र फर्किन भनेको हो ।

‘आन्दोलनरत शिक्षकहरूका जायज र संविधानसम्मत मागहरू तत्काल सम्बोधन गर्ने सम्बन्धमा विपक्षी निकायहरूले उचित र आवश्यक निर्णय गरी यो आदेश प्राप्त भएका मितिले तीन दिनभित्र आन्दोलनरत शिक्षकहरू विद्यालयमा फर्की नियमित पठनपाठन गर्ने वातावरण सुनिश्चित गर्नू ।’- आदेशमा भनिएको छ ।

अधिवक्ता श्रवणकुमार चौधरीले चैत १० गते शिक्षक आन्दोलनले विद्यार्थीको भविष्य नै अन्यौलमा परेको भन्दै रिट दायर गरेका थिए ।

उनले विद्यार्थीहरूलाई पठनपाठनको वातावरण मिलाइदिन भन्दै अन्तरिम आदेशको माग गरेका थिए । त्यसअनुसार नै आदेश जारी भएको हो । शिक्षकहरू चैत २० गतेदेखि आन्दोलनमा छन् । यसले गर्दा कक्षा १२ को परीक्षामा पनि असर परेको र एसईईको नतिजामा समेत असर परेको उनको जिकिर थियो ।

अदालतले पाँच वटा बुँदामा अन्तरिम आदेश जारी गरेको हो ।

पहिलो बुँदामा शिक्षकहरूलाई तीन दिनभित्र पठनपाठनमा फर्किन र देशभरका बालबालिकालाई नियमत रूपमा विद्यालयमा पठनपाठन गर्न पाउने हकबाट बञ्चित नगर्नू/ नगराउनू भनेर आदेश जारी गरेको छ ।

# सुदीपको अन्त्येष्टी



बुटवल । भारत जम्मुकश्मिरको पहलगाममा आतंकवादी हमलामा परेर ज्यान गुमाएका बुटवल-११ मनकामनापथका सुदीप न्यौपानेको त्रिवेणी घाटमा अन्त्येष्टि गरिएको छ । मंगलबार दिउँसो बन्दुकधारीको गोलीबाट मारिएका सुदीपको शव भारतको नयाँदिल्लीबाट लखनउसम्म हवाईमार्गबाट र त्यहाँबाटसडक मार्ग हुँदै बिहीबार बुटवल ल्याइएको थियो ।

बिहीबार बिहान घरमा शव ल्याइपुऱ्याउनुअघि नै सुदीपको घरमा आफन्त र छिमेकीको भिडभाड थियो । सुदीप नरहेको खबरले टोलका बासिन्दा र आफन्तजन मंगलबारदेखि नै शोकमा थिए । शव घर ल्याइपुऱ्याउँदा आफन्त र छिमेकी भक्कानिएका थिए ।

२७ वर्षीय सुदीप आमा रिमाकला, बहिनी सुष्मा र ज्वाइँ युवराज काफ्लेसहित शनिबार बुटवलबाट कश्मिरको मिनी स्वीटरजल्याण्ड भनिने वैसरण उपत्यकामा घुम्न गएका थिए । त्यहाँ पुगेर घुमफिरमा रमाइरहेका बेला मंगलबार दिउँसो एक्कासी बन्दुकधारी आतंकवादीले गोली हानेर सुदीपको ज्यान लिएका थिए । सुदीपसँगै गएकी आमा रिमाकला, बहिनी र ज्वाइँ भने आक्रमणबाट जोगिएका थिए । सुदीपको शव ल्याएर आमा, बहिनी र ज्वाइँ बुटवल आएका छन् । आमाबुबाको सम्बन्धविच्छेद भएपछि सुदीप आमा र बहिनीसँग बुटवल-११मा बस्दै आएका थिए ।

त्यसअघि उनीहरूको घर बुटवल-१४ बेलभरियामा थियो । सुदीपको पुर्ख्यौली घर भने पाल्पाको बगनासकाली गाउँपालिका वडा नम्बर ४ हो । शिक्षण पेशामा आबद्ध बुवा ध्रुव न्यौपाने शिक्षक आन्दोलनका क्रममा काठमाडौंमा थिए । मंगलबार घर फर्किने क्रममा उनले छोराको अप्रिय खबर थाहा पाएका थिए ।

» बाँकी ३ पेजमा

# ‘चुनावको चिन्ता गर्नू’



बुटवल । प्रधानमन्त्री केपी शर्मा ओलीले युवाहरुलाई ढुक्क भएर मिसन २०८४ मा लाग्नु आग्रह गरेका छन् । बिहीबार एमालेले काठमाडौंमा आयोजना गरेको युथ सेलिब्रेसन कार्यक्रममा ओलीले सरकारबारे धेरै चिन्ता नलिन र मिसन ०८४ मा लाग्न आग्रह गरे । ‘सरकारको बारेमा धेरै चिन्ता गर्ने होइन, चुनावको बारेमा चिन्ता गर्नुपर्दछ,’ ओलीले भने- ‘नेकपा एमालेले जहिले पनि चुनाव हेरेको हुन्छ । हामीले मिसन २०८४ भनेका छौं । म साथीहरुलाई आग्रह गर्न चाहान्छु- ढुक्कले मिसन २०८४ मा लाग्नुहोस् ।’

उनले थपे- ‘सरकार चलाउने, सरकारको नेतृत्व गर्ने जे गर्नुपर्छ यहाँ, सकेसम्म एमालेले गर्नेछ । यस कुरामा चिन्ता नगर्नुहोस् । मिसन २०८४ मा लाग्नुहोस् ।’ नेकपा एमालेले सधैं सरकार बचाऔं भनेर नहेर्ने बताउँदै सधैं चुनाव हेर्नुपर्ने उनले बताए ।

कतिपयले सरकार ढल्छ भनेर भनिरहेको बताउँदै अहिलेको गठबन्धन स्थिरता र स्थायीत्वका लागि बनेको ओलीको भनाइ थियो ।

# लुम्बिनी विश्व सम्पदा सम्मेलन सुरु



**लुम्बिनी संवाददाता**

*बुटवल*

लुम्बिनीमा ‘लुम्बिनी विश्व सम्पदा सम्मेलन २०२५’ सुरु भएको छ । बुद्ध जन्मस्थल लुम्बिनीलाई विश्व सम्पदास्थलको खतराको सूचीबाट हटाउन गरिएका कामबारे जानकारी दिने उद्देश्यले आयोजित सम्मेलनमा पुरातत्वविद्, सम्पदाविद्, अनुसन्धानकर्मी र स्थानीय जनप्रतिनिधि सहभागी छन् ।

दिल्लीमा गत साउनमा आयोजित युनेस्को वर्ल्ड हेरिटेज कमिटीको ४६औं सेसनमा लुम्बिनीलाई सम्भावित खतराको सूचीबाट जोगाउन सरकारले विज्ञ, पुरातत्वविद् र सम्पदाविद्लाई सहभागी गराएर अन्तर्राष्ट्रिय सम्मेलन गर्ने प्रतिबद्धता गरेअनुसार अहिले यहाँ कन्फरेन्स गरिएको हो ।

कन्फरेन्समा युनेस्को वर्ल्ड हेरिटेज कमिटीले गरेको सिफारिस अनुसार भए/गरेका कामबारे जानकारी दिइने बताइएको छ । कन्फरेन्समा लुम्बिनी प्रदेश मुख्यमन्त्री चेतनारायण आचार्यले विश्व आस्थाको केन्द्र लुम्बिनीमा धेरै सुधारका काम भएकाले युनेस्कोले खतराको सूचीमा राख्न नहुने बताए ।

‘विगतमा भएका कमी कमजोरीलाई अहिले धेरै सुधारका प्रयासले सम्पदामैत्री काम भएको छ’, उनले भने-‘अब लुम्बिनी विश्वकै गन्तव्य बन्छ ।’ कन्फरेन्समा संघ, प्रदेश र स्थानीय तह मिलेर पुरातात्विक सम्पदा संरक्षण गर्न लागेर काम गर्ने प्रतिबद्धता गरेका छन् ।

कन्फरेन्सको पहिलो दिन संस्कृति तथा पर्यटन मन्त्रालयका सचिव बिनोदप्रकाश सिंह, युनेस्को विश्व सम्पदा केन्द्रका नेपाल फोकलपर्सन डा. रोल्यान लिन, बेलायतको डुऱ्हाम विश्वविद्यालयका प्रोफेसर पुरातत्वविद् डा. रबिव कनिङघम, लुम्बिनी विकास कोषका उपाध्यक्ष ल्याहारक्याल लामा, युनेस्को नेपालका नभा बस्नेत थापा, भारतीय दूतावासकी प्रतिनिधि गरिमा नुतियाल, पुरातत्व विभागका प्रवक्ता रामबहादुर कुँवर, कपिलवस्तु नगरपालिका नगरप्रमुख सुदीप पौडेल, लुम्बिनी विकास कोष सदस्यसचिव सानुराजा शाक्य र लुम्बिनी प्रदेश सदस्य सिके गुप्तालगायतका बोलेका थिए । बुधबारबाट सुरु भएको सम्मेलनको उद्घाटन लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले गरेका छन् ।

मुख्यमन्त्री आचार्यले लुम्बिनी केवल ऐतिहासिक र पुरातात्विक स्थल नभई विश्व शान्तिको सन्देश फैलाउने पवित्र भूमि भएको बताए । उनले लुम्बिनीको संरक्षण, प्रचारप्रसार र दीगो विकासका लागि सबै तहका सरकार, सरोकारवाला र अन्तर्राष्ट्रिय समुदायबिच सहकार्य आवश्यक रहेको उल्लेख गरे ।

‘बुद्धको जन्मभूमि लुम्बिनीलाई अध्यात्म, अनुसन्धान, पर्यटन र अन्तर्राष्ट्रिय शान्तिको केन्द्र बनाउनु हाम्रो साझा जिम्मेवारी हो,’ मुख्यमन्त्री आचार्यले भने-‘लुम्बिनीलाई विश्व शान्तिको केन्द्र बनाउन सबैले हातेमालो गर्नु पर्छ ।’

लुम्बिनी विकास कोषको आयोजनामा तथा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पुरातत्व विभाग, युनेस्को काठमाडौं र आइकोमोस नेपालको प्राविधिक सहयोगमा सम्मेलन आयोजना गरिएको हो ।

सन् १९९७ मा युनेस्कोको विश्व सम्पदा सूचीमा सूचीकृत लुम्बिनीमा बुद्धको जन्म इसा पूर्व ६२३ मा भएको ऐतिहासिक प्रमाण अशोक स्तम्भमा उल्लेख छ । सम्मेलनमा लुम्बिनीको पुरातात्विक महत्व, संरक्षण, अनुसन्धान र तीर्थयात्रासम्बन्धी विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विशेषज्ञहरूले कार्यपत्र प्रस्तुत गर्ने कार्यतालिका रहेको विकास कोषका वरिष्ठ प्रमुख प्रशासकीय अधिकृत ज्ञानिन राईले बताए । दुई दिनसम्म चल्ने सम्मेलनमा विभिन्न सत्रहरूमा विभिन्न वक्ताले विचार प्रस्तुत गर्नेछन् । सम्मेलनले लुम्बिनीको संरक्षण र प्रवर्धनमा नयाँ दिशा दिने अपेक्षा गरिएको छ । सम्मेलनले निकालेको निष्कर्षलाई तीन तहका सरकारले कार्यान्वयन गर्ने र साझा योजना निर्माण गर्नुपर्नेमा उद्घाटन सत्रमा जोड दिइएको छ ।

# दमकल छैन, तर दुई नयाँ स्कारपियो थपिए



**लुम्बिनी संवाददाता**

*नवलपरासी*

आगलागी नियन्त्रणका लागि अत्यावश्यक दमकल खरिद गर्ने बेला सुनवल नगरपालिकाले दुईवटा स्कार्पियो गाडी खरिद गरेपछि नगरवासीबाट चर्को आलोचना सुरु भएको छ ।

आर्थिक वर्ष सकिन करीब तीन महिना मात्र बाँकी रहेका बेला नगरपालिकाले दुईवटा नयाँ स्कार्पियो गाडी खरीद गरेको हो । विकास निर्माण तथा अन्य कार्यक्रम कार्यान्वयनलाई प्राथमिकता दिनुको सट्टाझण्डै डेढ करोड खर्च गरेर नगरपालिकाले दुईवटा स्कार्पियो गाडी खरीद गरेपछि नगरवासी रुष्ट भएका छन् ।

आगलागी नियन्त्रणका लागि अत्यावश्यक मानिने दमकल खरिद गर्ने बेला जरुरी नभएको स्कार्पियो गाडी खरिद गरेपछि आलोचना सुरु भएको छ । नगरवासीले जनप्रतिनिधिहरु विकास निर्माणमा अग्रसर हुनुभन्दा पनि सुविधाभोगी भएको आरोप लगाएका छन् । जनप्रतिनिधि र कर्मचारी चढ्न नयाँ गाडी खरीद गर्नुभन्दा विपद् र सामाजिक कार्यमा प्रयोग हुने एम्बुलेन्स, दमकलजस्ता उपकरण खरीद गर्दा पालिकावासी लाभान्वित हुने नगरवासीको भनाइ छ । दमकल नहुँदा सुनवल क्षेत्रमा विगत वर्षहरूमा पटक-पटक आगलागीबाट ठूलो क्षति भएको छ ।

नगरपालिकामा दमकल नभएर आगलागी हुँदा रामग्राम बर्दघाटसहित छिमेकी जिल्लाबाट सहयोग माग्नु पर्ने बाध्यता रहेको छ । ६१ लाखका दरले खरिद गरिएका २ थान स्कार्पियोमा एक करोड २२ लाख खर्च भएको प्रमुख प्रशासकीय अधिकृत शेषकान्त पौडेलेले जानकारी दिए ।

» बाँकी ३ पेजमा



२०८२ बैशाख १२, गते शुक्रबार
Friday Apr. 25, 2025

दैनिक लुम्बिनी

## सम्पादकीय

# निन्दनीय आक्रमण

एक नेपालीसहित २६ जनाको ज्यान जानेगरी भारतको जम्मु-कश्मीर पहलगाममा भएको आतंकवादी आक्रमण निन्दनीय छ । निर्दोष र निशस्त्र नागरिकमाथि गोली हानी हत्या गरेर आतंककारीले जुन क्रुरता देखाएका छन्, त्यो जति निन्दा गरे पनि कमि हुन्छ। आतंककारीको यो आक्रमणले मानव सभ्यता र मूल्य मान्यतालाई चुनौती दिएको छ।

भारतले यो आक्रमणमा पाकिस्तानको हात रहेको आरोप लगाएको छ। पाकिस्तानले भारतको आन्तरिक समस्याका कारण भएको घटना भन्दै प्रतिवाद गरेको छ । यो घटनापछि भारत–पाकिस्तानबिच बढ्दो तनावले दक्षिण एशिया अशान्त बनेको छ। नेपाल–भारत खुला सीमा भएकाले नेपालमा पनि सुरक्षा चुनौती थपिएको छ। सम्भावित जोखिमको विश्लेषण गरी आवश्यक कदम नचाल्ने हो भने नेपालले भारत–पाकिस्तान तनावको बाछिटाको असर व्यहोर्नुपर्नेछ।

मंगलबार पहलगाममा भएको घटनापछि आक्रोशित भारतले सिन्धु जल सन्धि स्थगित गर्ने निर्णय गरेको छ। सार्क भिसा छुटअन्तर्गत भारतमा रहेका पाकिस्तानी नागरिकलाई ४८ घण्टाभित्र भारत छाड्न निर्देशन दिएको छ । नयाँदिल्लीस्थित पाकिस्तानी दूतावासका रक्षा, सैन्य, नौसेना र वायुसेनाका कूटनीतिज्ञलाई अवाञ्चित व्यक्ति भन्दै ७ दिनभित्र देश छाड्न आदेश दिइसकेको छ । इस्लामावादस्थित भारतीय दूतावासमा रहेका आफ्ना रक्षा, नौसेना र वायुसेनाका सल्लाहकारलाई फिर्ता बोलाउने निर्णयसमेत लिइसकेको छ । पाकिस्तानले भारतसँगको व्यापार, हवाइ उठान र सबै द्विपक्षीय सम्झौताहरू स्थगित गरेको छ। पाकिस्तानले पनि सार्क भिसा छुट योजनाअन्तर्गत भारतीय नागरिकलाई जारी गरिएका सबै भिसा निलम्बन गरेको छ। इस्लामावादमा भारतीय उच्चायोगमा कूटनीतिज्ञको संख्या घटाएर ३० पुऱ्याएको छ। भारतीय रक्षा, नौसेना र हवाई सल्लाहकारलाई ३० अप्रिलअघि पाकिस्तान छोड्न आदेश दिएको छ।

भारतले आक्रमण गरे सार्वभौमसत्ता र क्षेत्रीय अखण्डताको रक्षाका लागि सबै तयारी गरेको भन्दै सशक्त प्रतिवाद गर्ने जनाएको छ। भारतले आतंककारीविरुद्ध बदला लिने भन्दै पाकिस्तानसँग जुन खालको आक्रोश व्यक्त गरेको छ, यसले दुई मुलुकबिच संभावित युद्धको खतरा देखिन्छ। यो बेला नेपालले आन्तरिक सुरक्षा व्यवस्थापन प्रभावकारी र चुस्त बनाउन ढिलाइ गर्न हुन्न। अहिले नेपालमा पनि आन्तरिक झगडा चर्किएको बेला खुला सिमाको फाइदा उठाउँदै विभिन्न समूह र अपराधिक व्यक्तिको प्रवेश हुन सक्ने जोखिम भएकोले सर्तकतापूर्वक कदम चाल्न आवश्यक छ। विगतमा खुला सीमामा निगरानी नहुँदा नेपालमा अपराधिक घुसपैठ भएको भन्दै भारतले असन्तुष्टि गरिरहेका बेला छिमेकलाई विश्वास दिलाउने गरी नेपालले सुरक्षा व्यवस्थापन प्रभावकारी बनाउनुपर्छ।

रूस-युक्रेन र इजरायल-प्यालेटाइन युद्धले जुन खालको समस्या हामीले भोग्यौं, भारत–पाकिस्तानबिच यदि युद्ध भए धेरै ठूलो जोखिम र समस्या भोग्ने निश्चित भएकाले संभावित जोखिमको आँकलन गरी आन्तरिक तयारी र व्यवस्थापनमा लाग्नु राष्ट्र हितमा हुनेछ । भारत–पाकिस्तानको तनावलाई न्यूनीकरण गरी तयारी र व्यवस्थापनलाई बेवास्ता गरे परिस्थितिलाई सम्हाल्न कठिन पर्नसक्छ।

पहलगाम घटनामा घुम्न गएका बुटवलका सुदिप न्यौपानेको ज्यान गयो । सरकारी सक्रियता र समन्वयले उनको शव र सँगै गएका परिवारजन सहजै यहाँ ल्याउन संभव भएको छ। प्रधानमन्त्री केपी ओली र परराष्ट्रमन्त्री आराजु राणाले जुन पहलकदमी लिनु भयो, त्यो प्रशंसनीय छ। भारतमा घुम्न जाने धेरै भएकाले उनीहरुको सुरक्षामा ध्यान दिनु आवश्यक छ । त्यसो त रोजगारी, अध्ययनमा भारतमा ठूलो संख्यामा छन्, उनीहरुको बारेमा पनि चासो लिनु आवश्यक छ। पाकिस्तानमा पनि अध्ययनको शिलशिलामा नेपाली भएकाले उनीहरुको सुरक्षामा सरकारको पहलकदमी हुनुपर्छ।

# प्रधानमन्त्री सत्ता संकटमा



बिन बहादुर कुँवर

शिक्षक र सरकारबिच वारपारको लडाइँ चलिरहेको छ। केही सत्ता पक्षका नेताहरूले शिक्षकहरूको समर्थन गरिरहँदासम्म पनि प्रम ओलीले यसलाई बेवास्ता गर्दै आइरहेका छन्। कतै यही शिक्षक आन्दोलन नै प्रम ओलीको सत्ता बहिरगमन र नयाँ सत्ता समीकरण हुने त होइन ? नभन्दै यसैको कारण शिक्षा मन्त्री विद्या भट्टराई मन्त्री र सरकारबाट बाहिरिसकेकी छन्। यस्तै लेडे ढिपी गरिरहने हौ भने अब बनेका शिक्षा मन्त्री मात्रै होइन स्वयं प्रम केपी ओली नै अपदस्त हुने निश्चित भइसकेको छ। कांग्रेस पर्ख र हेरमा छ। प्रतिपक्ष एमाओवादीले ओलीको राजीनामा मागिसकेको छ। प्रम ओली बाहिर मात्रै होइन आफ्नै दलबाट पनि आलोचित भइसकेका छन्।

सरकारी विद्यालयका शिक्षक-कर्मचारीहरुद्वारा सञ्चालित आन्दोलन तत्काल रोकिने स्थिति देखिंदैन । बैशाख १ देखि सञ्चालित हुनपर्ने नयाँ शैक्षिक सत्र अहिलेसम्म पनि चालु हुन सकिरहेको छैन । देशका सबै शिक्षक-कर्मचारीहरु झन् दिनप्रतिदिन राजधानीमा केन्द्रित हुँदैछन्। यस्तै विज्ञप्ति शिक्षक संगठनका पदाधिकारीहरुले प्रकाशित गरिरहेका छन् । यता सरकार चाहिँ यी शिक्षकका मागहरुप्रति अनुदार मात्रै होइन, अत्यन्त हेपाहा प्रवृत्तिमा देखिंदै आएको छ । यतिसम्मकि प्रधानमन्त्री केपी ओली दिनहुँ कुनै न कुनै बचनले आम शिक्षकहरुको मानमर्यादामाथि खेलवाड गर्दै आइरहेका छन् । मानौं यी शिक्षक सबै काम न काजका खाली सरकारी तलब भत्ता खाने खन्चुवा मात्र हुन् । विद्यार्थीहरुलाई राम्रोसँग पढाउन लेखाउन केही नपर्ने खाली हाजिर गरेर मात्र तलब-भत्ता असुल्ने मात्र गरेको आरोप प्रमको यी शिक्षकप्रति छ।

पटक-पटक प्रधानमन्त्रीले निजी विद्यालयका शिक्षक र विद्यार्थीहरुसँग तुलना गर्दै यी सबै सरकारी विद्यालयका शिक्षकप्रति मानमर्दन, खिसीट्युरी, उखान टुक्का र जोक मजाक व्यंग्य गर्दै आइरहेका छन्। मानौं देशको शिक्षा पठनपाठनलाई विगार्ने यिनै शिक्षकहरु हुन् । काम न काज अझ के को यिनीहरुलाई ठूलठूलो सम्मान, मर्यादा र तलब सुविधा ? कता कता प्रधानमन्त्रीलाई यी सबै शिक्षक-कर्मचारीप्रति एक प्रकारको द्वेष र घृणा भएको पाइन्छ। हुन पनि च्याउ खाएकाले पो बुझ्छ त्यसको स्वाद र महत्व। त्यस्तै पढे लेखेका र पढाएकाले पो बुझ्छ- शिक्षा-ज्ञानको महत्व अनि त्यसमा देखिएको दुःख कष्ट र समस्या। सरकार र सत्तामा बसेकाहरुलाई भन्न सजिलो छ, शिक्षकले पढाएनन् अनि विद्यार्थीले पढेनन्। पढ्न र पढाउन के गर्नु पर्दछ ? के गर्दा राम्रो र गुणस्तर पठनपाठन हुन सक्छ ? त्यसको लेखाजोखा गरेको खै ? वास्तवमा हाम्रो शिक्षा नीति नै यस्तो छ, जसले शिक्षालाई कुरुप बनाइसकेको छ। धेरै पढेर के हुन्छ र ? भन्ने भाष्य यहाँ बढ्दो छ।

उदाहरण यहाँ हाम्रै प्रधानमन्त्री केपी ओलीको छ। प्रधानमन्त्री केपी ओलीले कति पढ्नु भएको छ, धेरैलाई थाहा नै छैन । तर यही शिक्षक आन्दोलनको क्रममा धेरै शिक्षकले भन्दै थिए कक्षा ८ पास अर्थात् अण्डर एसएलसी । तर धेरैले यो पत्याउँदैन । कहाँ प्रधानमन्त्री कक्षा ८ मात्रै अचम्म । लेख्न नमिलेर होला पियचडी डाक्टरहरुको पनि डाक्टर केपी ओली हुनुपर्छ । भाषण बोलाई अध्ययन अनुन्धान तर्क-वितर्क सबै त्यस्तै छ। श्रीरामको जन्म र अयोध्यापुरी नेपालमा नै भएको ठोकुवा उनको छ । पर्सा-चितवनको कुनै एक ठाउँलाई राम जन्मभूमि भनी त्यसको प्रचारप्रसार र व्यवस्थापन गराउन समेतमा प्रम ओलीको सक्रियता छ । यस्तै यस्तै कतिपय कारणहरुले गर्दा प्रम ओलीदेखि भारतीय शासकहरु पनि ससंकित र आक्रमक भएको भन्ने तर्क समेत एमाले पंक्तिबाट हुने गर्दछ। जे होस् क. ओलीको शैक्षिक योग्यताको मापन अहिले त्यति गरिरहनु पर्ने आवश्यकता छैन । धेरैलाई थाहा भइसकेको छ।

क.ओलीको विद्यालय शिक्षा र शिक्षकप्रति अति बढी आक्रमक र विस्तृष्णा किन भएको होला ? अर्को एउटा कारण पनि छ । क.ओली झापा विद्रोहको नेता । त्यसको एउटा उद्देश्य थियो, बुर्जुवा शिक्षाको बहिष्कार। कसैले त्यसको बहिष्कार नपढेर अर्थात् विद्यालयमै नगएर गरे भने कसैले पढे पनि ती बुर्जुवा शिक्षा डिर्गी सर्टिफिकेट च्यातेर, आगो लगाएर गरे । धेरै जसोले विद्यालय कलेज पढ्दापढ्दै त्यसको बहिष्कार गरेर झापा विद्रोहमा सरिक भए। प्रधानमन्त्री ओली भने त्यो के गरेर झापा विद्रोहमा सरिक भए । त्यो जान्न र बुझ्न मोहनचन्द्र अधिकारी, सीपी र राधाकृष्ण मैनालीसँग सोध्नु पर्ला ? जे होस् क.ओली त्यतिबेलाको बुर्जुवा शिक्षा बहिष्कार गरेरै झापा विद्रोहमा सरिक भएका नेता नै हुन्।

२०३५/०३६ सालपछि तत्कालीन माले पार्टीमा केही नीतिगत परिवर्तन देखा पर्दै थियो। २०३५/०३६ सालको विद्यार्थी आन्दोलनको क्रमशः हामी थुप्रै विद्यार्थीहरु गिरफ्तार भई नखु जेलमा बस्यौं । त्यो क्रममा झापा विद्रोहका राधाकृष्ण, केपी ओलीलगायत दर्जनभन्दा बढी नेता कमरेडहरुसँग साथ संगत गर्ने मौका मिल्यो । त्यो क्रममा अरु केही जेलभित्रै बसेर पनि स्कुल कलेजको पठनपाठन र परीक्षा दिने गरेका थिए। तर क.ओलीले भन्ने त्यसो गरेको देखिएन। त्यो किन भन्दा बुर्जुवा शिक्षा डिर्गी र शिक्षा बहिष्कारको प्रभाव अझ पनि क.ओलीमा यथावत कायम भएको भन्ने बुझिएको थियो। कतै अझसम्म पनि क.ओलीमा त्यसको प्रभाव रहिरहेकै त छैन ? यो विद्यालय शिक्षा र शिक्षकप्रति अहिले प्रधानमन्त्रीले देखाएको व्यवहारले पुष्टि त गर्दैन ? त्यसो चाहिँ अलि होइन कि भन्ने फेरि निजी विद्यालयप्रतिको उहाँको बढ्दो सहयोग रुचि र प्रशंसाले पुष्टि गर्दैन । तर यो निजी विद्यालयप्रतिको क.ओलीको रुची केमा निर्भर छ ? गुणस्तर शिक्षाले कि अरु केहीले ? प्रश्न यहाँ छ। सबैलाई थाहा छ, निजी विद्यालयहरुले पठनपाठनका नाममा विद्यार्थीबाट करोडौं रुपैयाँ असुल उपर गरिरहेका छन् । त्यसको केही थोरै प्रतिशत मात्रै पनि मन्त्री, सांसद, दल नेता अनि सरकारी प्रशासक आदि सबैलाई बाँडिदिँदा पनि उनीहरुलाई केही असर पर्दैन । वर्षौं करोडौको आम्दानी उनीहरुले असुली रहेका छन्। जहाँ काफल गेडी त्यही चरी नाची भने जस्तै नेपालका मन्त्री, संसद, नेता अनि प्रशासक सबै जसको सीता खाई उसैको गीत गाई अर्थात् उनीहरुकै सहयोगी र प्रशंसक हुनु स्वाभाविक नै छ।

नेपालको संविधान २०७२ को भाग २ को धारा १८ ले समानताको हकअन्तर्गत उपधारा ३१ मा शिक्षासम्बन्धी हकको व्यवस्था गरेको छ। तर यहाँ शिक्षामा असमानता निजी र सरकारी शिक्षामा विभेद छ। जसले गर्दा आम नागरिकहरु समान शिक्षाबाट वञ्चित भएका छन् । राज्य तहबाट नै भएको यो शैक्षिक विभेद नहटेसम्म आम नागरिक मात्रै होइन, देशका हजारौं सरकारी विद्यालय अनि यसका लाखौं शिक्षक कर्मचारी सबैले यसरी नै सदा दुःख कष्ट भोगिरहनु पर्ने बाध्यता छ। संविधानमा त 'प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ' भनिएको छ । तर यो संविधान जारी भएको १० वर्ष भइसक्दा पनि शिक्षामा देखिएको यो विभेद अनि विद्यालयका विद्यार्थी-अभिभावक, शिक्षक-कर्मचारीप्रतिको यो सरकारी सौतेलो व्यवहार त्यसमा पनि कम्युनिष्ट समाजवादी भनिने सरकारको यो रवैयाले दुनियाँलाई चकित पारेको छ । हाल आन्दोलित शिक्षक-कर्मचारीहरुको पनि अर्थात् संविधानमा उल्लेखित शिक्षा सम्बन्धी यी धारा उपधाराप्रति चासो राख्नु पर्ने हुन्छ । खाली आ-आफ्ना केही तलब भत्ता र सुविधाको माग मात्रै नगरेर शिक्षासम्बन्धी यस्ता विषयहरुलाई पनि आन्दोलनमा समावेश गरिनुपर्ने हुन्छ।

हालका प्रधानमन्त्री मात्रै होइन यसभन्दा पहिलेका प्रायः सबै प्रधानमन्त्रीहरु सरकारी विद्यालय र यसका शिक्षक कर्मचारीप्रति यस्तै सौतेलो व्यवहार अर्थात् सरकारीलाई पाखा निजीलाई काखमा राख्ने काम हुँदै आएको छ। यो खाली शिक्षा क्षेत्रमा मात्रै होइन, अझ अरु हरेक क्षेत्रमा पनि यस्तै छ। शिक्षा, स्वास्थ्य, उद्योग, कृषि आदि सबैमा छ। यी सबै सरकारी निकायहरु चौपट अझ बन्द नै । तर निजी मालामाल हुने गरेका छन् । यो कथित उदार अर्थनीति, कर्पोरेट पद्धति र निजीकरणको नतिजा हो। साथै दलाल पुँजीवादको विशेषता । विचौलिया र कमिशन खोर, भ्रष्टाचारी र तस्करीहरुको बिगबिगी राज नै यो सामन्ती, दलाल र नोकरशाही बुर्जुवा राज्य व्यवस्थाको चरित्र हो । तर यसको संचालक र नेतृत्व भने कम्युनिष्ट भनौदाहरुबाट हुने गरेको छ। नाममा कम्युनिष्ट तर काममा दलाल पुँजीवादी । त्यसैको मारमा आज नेपालका सम्पूर्ण शिक्षक मात्रै होइन साराका सारा नेपाली पर्दै आएका छन्। यी नेता मन्त्री, कर्मचारी कसैले पनि जनताका यी माग आवाज कहिले पनि सुन्नेवाला छैनन्। यस्ता दलाल कमिशन खोर भ्रष्टाचारीहरुका देख्ने आँखा र सुन्ने कान सबै बुझिएका छन् यी सबै देख्दा सक्ला तर व्यवहारमा लाटा गाडा, अन्धा र बैरा जस्तै बनाइएका छन् । जे गर्दा पनि यी कुनै पनि सुध्रिनेवाला छैनन्। त्यसैले यिनीहरुलाई सुधार्ने बाटो खोजौं । त्यो हो विद्रोह । विद्रोह गर्ने जनताको अधिकार हो।

आन्दोलित शिक्षकहरुको एउटा माग छ शिक्षा ऐन जारी हुनु पऱ्यो। वर्षौंदेखिको माग हो यो शिक्षकहरुको । तर यसप्रति सरकारले बेवास्ता गर्दै आइरहेको छ । यसका पछाडिको मूल कारण नै शिक्षामा निजीकरण हो। ऐनका कतिपय बुँदाहरुमा निजीलाई संकुचित पार्ने विस्तारै सामूहिक सहकारी र ट्रस आदिमा रुपान्तरित गर्दै शैक्षिक असमानता हटाउने आदि भएको भनिदैछ । यो माथि भने जस्तै शिक्षा सम्बन्धी संवैधानिक समानताको लागि पनि हो । तर यो देशका दलाल पुँजीपतिहरुलाई मनै परेको छैन। नेपालको हरेक सरकार र हरेक दल र दल नेता सबै यही दलाल पुँजीपतिका एजेन्ट र कारिन्दा भई नियुक्तिमा परेकाले नुनको सोझो गर्नु यी सबैको धर्म हो। कांग्रेसी देउवा एमाले ओली र एमाओवादी प्रचण्ड यी सबै बाहिर मुखले जे भने पनि भित्र यी सबैको एउटै रुप छ। त्यो हो दलाल पुँजीवादको सेवा गर्ने।

अन्त्यमा गत बैशाख ७ गते आइतबार यही दैनिक लुम्बिनीमा 'शिक्षकका मागप्रति सरकार उदासिन' भन्ने एउटा लेखमा यो शिक्षक आन्दोलनको समर्थन गर्दै मैले भनेको थिएँ- बेलाबेलामा प्रम केपी ओलीले सरकारी विद्यालयका शिक्षकहरुलाई हाँसी मजाकमा उठाउँदै आएका छन्। निजीको गुनगान र सरकारी विद्यालयको आलोचना। जसको परिणाम आज शिक्षक र सरकारबिच वारपारको लडाइँ चलिरहेको छ। केही सत्ता पक्षका नेताहरुले शिक्षकहरुको समर्थन गरिरहँदासम्म पनि प्रम ओलीले यसलाई बेवास्ता गर्दै आइरहेका छन् । कतै यही शिक्षक आन्दोलन नै प्रम ओलीको सत्ता बहिरगमन र नयाँ सत्ता समीकरण हुने त होइन ? नभन्दै यसैको कारण शिक्षा मन्त्री विद्या भट्टराई मन्त्री र सरकारबाट बाहिरी सकेकी छन्।

यस्तै लेडे ढिपी गरिरहने हौ भने अब बनेका शिक्षा मन्त्री मात्रै होइन स्वयं प्रम केपी ओली नै अपदस्त हुने निश्चित भइसकेको छ । कांग्रेस पर्ख र हेरमा छ । प्रतिपक्ष एमाओवादीले ओलीको राजीनामा मागिसकेको छ । प्रम ओली बाहिर मात्रै होइन आफ्नै दलबाट पनि आलोचित भइसकेका छन्।

# नेप्से परिसूचक दुई अङ्कले बढ्यो



काठमाडौँ । अघिल्ला चार कारोबारको दिन लगातार घटेको शेयर बजार बिहीबार भने दुई दशमलव शून्य आठ अङ्क बढेको छ। नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक दुई दशमलव शून्य आठ अङ्कले बढेर दुई हजार ६५८ दशमलव शून्य दुईको विन्दुमा कायम भएको हो।

तीन सय आठ कम्पनीको एक करोड ९७ लाख ५४ हजार २४५ कित्ता शेयर ७० हजार ७०३ पटक खरिदबिक्री हुँदा रु सात अर्ब ८७ करोड ९३ लाख ८१ हजार २६८ दशमलव २८ को कारोबार भएको छ। कूल ८३ कम्पनीको शेयर मूल्य बढ्दा एक सय ६१ को घटेको छ भने एउटाको स्थिर रहेको नेप्सेले जनाएको छ। लगानी समूह सबैभन्दा बढी दुई दशमलव चार प्रतिशतले बढ्दा हाइड्रोपावर शून्य दशमलव २२, व्यापार शून्य दशमलव ३९ र बैंकिङ शून्य दशमलव शून्य तीन प्रतिशतले बढेका छन्।

विकास बैंक शून्य दशमलव ७६, फाइनान्स शून्य दशमलव ८३, होटल तथा पर्यटन एक दशमलव १६, जीवन बिमा शून्य दशमलव ३२, उत्पादन शून्य दशमलव १७, माइक्रोफाइनान्स शून्य दशमलव ४६, निर्जीवन बिमा शून्य दशमलव २८ र अन्य समूह शून्य दशमलव १३ प्रतिशतले घटेका नेप्सेले जनाएको छ।

# अर्नाकोटमा सधैँ खानेपानीको सास्ती

गलकोट । बागलुङको निसीखोलाको सिरमा रहेको सुन्दर अर्नाकोट गाउँ प्राकृतिक अनुपमले धनीले छ । प्राकृतिक रुपमा सुन्दर यो गाउँमा खानेपानीको भने ठूलो समस्या छ। स्थानीयले वर्षौंदेखि खानेपानीको समस्या भोग्दै आएका छन्।

खानेपानीको अभावकै कारण अर्नाकोटवासीहरु गाउँ छोड्न बाध्य छन्। निसीखोला गाउँपालिका-२ देवीस्थानको उच्च भागमा पर्ने अर्नाकोट पर्यटकीय दृष्टिकोणमा महत्वपूर्ण धार्मिक गन्तव्य मानिन्छ। खानेपानीको धारामा हिउँदमा मुस्किलले दुई गाग्री पानी पनि नआउने स्थानीयको गुनासो छ।

खानेपानीको समस्या समाधानका लागि अर्नाकोटमा लिफ्ट आयोजनामार्फत् खानेपानी वितरण गर्न खोजिए पनि उक्त आयोजनाले पानीको प्यास मेटाउन सकेको छैन। अर्नाकोटमा बाह्रैमास हुने खानेपानीको अभाव हुने गरेका स्थानीय छलविर विकले गुनासो गरे।

"खानेपानीको ठूलो समस्या छ, दुई गाग्री पानीले दिनभर कसरी पुऱ्याउने सरसफाइ र पशुपालनका लागि त खानेपानी पुग्दैन", ८१ वर्षे विकले भने- "पानीको कारणले समयमा सुत्नसमेत पाइँदैन, सक्नेहरु त गाउँ छोडेर सहर पसिसके, हामी गाउँ छोड्न सकिएन, बाचुञ्जेल प्रशस्त खानेपानी भएको हेर्नसमेत पाइएन।"

छलविर जस्तै नरमती रसाइलीको दैनिकी पानीको जोहो गर्नमै बित्छ । उनले खानेपानी ल्याउनका लागि छिमेकी पालिका ढोरपाटन नगरपालिका-५ स्थित वसन्तधाराको मुलसम्म पुग्ने गरेको बताइन्। "एक/दुई गाग्री पानी आउँछ त्यही पनि कहिले आउँदैन, एक घण्टा हिँडेर पानी बोक्नुपर्ने अवस्था छ, वर्खामा पुरानो धारामा जेनतेन पानी आउने भए पनि हिउँदमा झनै सास्ती हुन्छ।"-नरमतीले भनिन्।

केही वर्षअघि अर्नाकोटमा लिफ्टिङ प्रविधिबाट ल्याइए पनि पटक-पटक बिग्रिएर समस्या भएको छ। विसं २०४७ मा ल्याएको ल्याएको खानेपानी आयोजनाको मुहान सुक्दा अर्नाकोटबाट हरेक दिन बसाइ सर्नेहरु बढिरहेको स्थानीय ओमबहादुर रसाइलीले बताए।

उनले निसीखोलाको पातीहाल्ने नजिकैबाट पानी ल्याउन सम्भव देखिए पनि बजेट अभाव भएको बताए । ढोरपाटन नगरपालिका-५ र निसीखोला-२ मा पर्ने अर्नाकोट क्षेत्रमा करिब चार सय घरधुरी छन्। सबै घरमा खानेपानीको अभाव छ।

पानीको जोहो गर्नुपर्ने बाध्यताले पठनपाठन असर गरिरहेको अर्नाकोट माध्यमिक विद्यालयका प्रधानाध्यापक ईश्वर सिर्पालीले जनाए। विद्यालयमा पर्याप्त पानी नहुँदा बालबालिकालाई खानेपानीको व्यवस्था गर्न नसक्नुका साथै सरसफाइदेखि स्वास्थ्यका क्रियाकलापसमेत प्रभावित भएको उनको भनाइ छ।

उच्च भू-भागमा रहेको अर्नाकोटमा खानेपानी अभाव रहेको बताउँदै मुहानको अभाव रहेको वडाका अध्यक्ष कुविर विश्वकर्माले बताए।

"अर्नाकोट बस्तीमा नजिकै पानीको मूल छैन, भएका साना मूल सुके, लिफ्ट आयोजना दीर्घकालीन भएन", उनले भने-"बस्तीबाट निकै टाढा रहेका मूलबाट अर्नाकोटमा पानी झार्न धेरै बजेट चाहिन्छ, त्यो वडाबाट सम्भव छैन, पालिकामार्फत प्रदेश र सङ्घ सरकारसँग बजेट माग भइरहेको छ।"

# गण्डक जलविद्युत् आयोजनाको नहर मर्मत गर्न विद्युत् उत्पादन बन्द



नवलपरासी । पश्चिम नवलपरासीको प्रतापपुर गाउँपालिका-७ गुठ्ठी सूर्यपुरास्थित गण्डक जलविद्युत् केन्द्ररको विद्युत् उत्पादन पूर्णरुपमा बन्द भएको छ ।

जलविद्युत् केन्द्रका प्रमुख पिताम्बर भुषालले जलविद्युत् केन्द्रको विद्युत् उत्पादन डेढ महिनादेखि बन्द रहेको बताएका छन् । पूर्वी नवलपरासीको विनयी त्रिवेणी गाउँपालिकाको त्रिवेणीस्थित गण्डक व्यारेजबाटै नहरको पानी बन्द भएपछि विद्युत् उत्पादन बन्द भएको छ । भारतले जलविद्युत् केन्द्रको नहर बन्द (क्यानल सटडाउन) गरेपछि विद्युत् उत्पादन रोकिएको उनले बताए । गत फागुन २६ गतेदेखि नहरमा पानी आउन बन्द भएपछि उत्पादन बन्द गरिएको उनले जानकारी दिए ।

लामो समयदेखि प्रत्येक वर्ष नहरमा पानी बन्द गर्ने चलन रहेको छ । नेपाल-भारत गण्डक सम्झौताअनुसार भारतले सन् १९७९ मा निर्माण गरेको केन्द्र ३१ अगस्ट १९८१ मा नेपाललाई हस्तान्तरण गरेको थियो । करिब ४४ वर्ष पुरानो गण्डक जलविद्युत्मा नहरमा पानी छोड्ने र बन्द गर्ने भारतीय पक्षको हातमा हुन्छ ।

यसअनुसार भारतको उत्तर प्रदेश गोरखपुरस्थित गोरखपुर सिँचाइ विभागले उक्त विद्युत् केन्द्रको नहरमा सरसफाइ तथा मर्मत भइरहेको जनाउँदै नहरमा पानी बन्द गरेपछि विद्युत् उत्पादन बन्द रहेको प्रमुख भुषालले बताएका छन् । भारतीय पक्षले हरेक वर्ष कार्तिक-मङ्सिर र चैत-बैशाख गरी दुई पटक नहरको पानी बन्द गर्ने गरेको छ । यसले गर्दा हाम्रो घाटा हुनेगरेको उनले जनाए ।

नहरमा पानी बन्द भएपछि विद्युत् ठप्प भएपछि दिनहुँ सातदेखि आठ लाखसम्म घाटा हुने गरेको प्रमुख भुषालले जानकारी दिए ।

१५ मेगावाट विद्युत् उत्पदान क्षमता भएको उक्त जलविद्युत् केन्द्र अहिले चारदेखि साढे चार मेगावाटसम्म विद्युत् उत्पादन गरिरहेको छ । तीन वटा टर्वाइन भएको जलविद्युत् केन्द्रेमा दुई टर्वाइनले मात्र विद्युत् उत्पादन गरिरहेको छ भने एउटा टर्वाइन बिग्रेर थन्केको छ । गण्डक जलविद्युत् केन्द्रमा रहेको विद्युतिय उपकरण पुरानो प्रविधिअनुसार रहेको हुनाले परिर्वतन गरी सुधार गर्नुपर्ने देखिएको उनले बताए ।

# नवलपुरमा बायोमास तथा जलवायु परिवर्तनका असर विषयक राष्ट्रिय सम्मेलन हुने

नवलपुर । नवलपुरको विनयी त्रिवेणी गाउँपालिका २ दुम्किबासमा बायोमास मल उत्पादन र सोबाट वातावरणमा पर्ने सकरात्मक प्रभावको बारेमा उजागर गर्न राष्ट्रिय सम्मेलन हुने हुने भएको छ ।

बैशाख १३ र १४ गते दुम्किबासमा राष्ट्रिय सम्मेलन हुने भएको हो । सम्मेलनमा वनमा खेर गएका बायोमासबाट कृषिमल बनाउने र त्यसबाट वातावरणमा पर्ने सकारात्मक प्रभावका बारेमा विज्ञहरु बीच छलफल हुने जनाइएको छ ।

कार्यक्रमबारे जानकारी दिन बिहीबार नवलपुरका विनयी त्रिवेणी गाउँपालिकाको पत्रकार सम्मेलन आयोजना गरिएको थियो ।

पूर्व तयारी स्वरुप पत्रकार सम्मेलन भएको हो । पत्रकार सम्मेलनमा विनयी त्रिवेणी गाउँपालिका अध्यक्ष घनश्याम गिरी, बन निर्देशनालय पोखराका उपसचिव धनेन्द्र क्षेत्री, बायोमास विज्ञ अशोक श्रेष्ठ, अरुण लामा, डिभिजनल वन अधिकृत बसन्त केशव अधिकारी, पत्रकार, पालिकाका कर्मचारी, सामुदायिक वनका अध्यक्ष तथा पदाधिकारीलगायतको सहभागिता रहेको थियो ।

वनमा काम नलाग्ने मिचाहा झाडीहरुलाई फडानी गरी बायो मास उत्पादन गर्दा बन डढेलो नियन्त्रण हुने, रोजगारी सिर्जना हुने, अत्याधिक रसायनिक प्रयोगका कारण हुने माटोको क्षयीकरणको समेत न्यूनीकरण हुनेलगायतको विषयमा सम्मेलन हुन लागिएको हो । त्यसैगरी जलवायु परिवर्तन र माटोको क्षणीकरण न्यूनीकरण गर्दै कृषि क्षेत्रलाई सफल गराउन सकिनेलगायत विषयका छलफल गरिने वायो मास विज्ञ अरुण लामाले बताए ।

कार्यक्रममा गण्डकी प्रदेश सभामुख कृष्णप्रसाद धिताल, वन मन्त्री, विश्वविद्यालयका विज्ञ, नगरका प्रमुख/ उप-प्रमुख, सामुदायिक बनका प्रतिनिधिलगायतको सहभागिता रहने जनाएको छ ।

**सुदीपको...**

सुदीपलाई काका कपिलदेव न्यौपाने (कृष्ण)ले दागबत्ती दिएका छन् । बुबा ध्रुव र आमाबीच सम्बन्धविच्छेद भएकाले बुबाको साटो काकाले सुदीपलाई दागबत्ती दिएको छिमेकी थानेश्वर पौडेलले जाकारी दिए ।

छिमेकी अमृत भुसालका अनुसार, सुदीपले पहिले 'हेल्थ एसिस्टेन्ट' पढेका थिए, त्यसपछि पब्लिक हेल्थ पढ्दै आएका उनी सामाजिक कार्यमा पनि सक्रिय थिए । 'विदेश जान्न, स्वदेशमै केही गर्छु' भन्ने युवाको मृत्युले अहिले बुटवल शोकाकुल भएको उनी बताउँछन् ।

शिक्षण पेशामा आबद्ध बुबा ध्रुव न्यौपाने शिक्षक आन्दोलनका क्रममा काठमाडौंमा थिए । मंगलबार घर फर्किने क्रममा उनले छोराको अप्रिय खबर सुनेका थिए ।

आमा, बहिनी र ज्वाइँसँग कश्मिर घुम्न गएका सुदीप मंगलबार दिउँसो आतंकवादी हमलामा परेका थिए । आमा, बहिनी र ज्वाइँ भने जोगिन सफल भएका थिए ।

**दमकल...**

उनले नगरसभाबाट सवारीसाधन खरीदका लागि बजेट विनियोजन गरेअनुसार सवारीसाधन खरीदका लागि बोलपत्र आह्वान गरेको र सोही अनुसार गाडी खरीद गरिएको बताए ।

पालिकामा रहेका गाडी पुरानो भएको भन्दै दुई वटा नयाँ स्कारपियो खरिद गरिएको नगरपालिकाले जनाएको छ ।

एकै पटक दुई वटा गाडी खरिद गर्दा जनतामा नराम्रो सन्देश जाने भएका कारण एउटा मात्र गाडी खरिद गर्नु उपयुक्त हुने सुझाव केही जनप्रतिनिधि र कार्यालयका कर्मचारीले दिएको भए पनि बेवास्ता गरेर दुई वटा खरिद गरिएको छ ।

# लुम्बिनी बचत तथा ऋण सहकारीद्वारा पुरस्कार वितरण



बुटवल । लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लि. द्वारा स्थापित लुम्बिनी साहित्य पुरस्कार -२०८२ साहित्यकार प्रा.डा. हिरण्यलाल ज्ञवाली र जानकी देवी ट्रस्टबाट प्रदान गरिने जानकी देवी अध्यात्मिक साहित्य पुरस्कार २०८२, साहित्यकार तथा संस्कृतिविद् रत्न सायमी लाई प्रदान गरिएको छ ।

संस्थाका अध्यक्ष महेश्वरप्रसाद श्रेष्ठको अध्यक्षता र रुपन्देही बचत तथा ऋण सहकारी संघका अध्यक्ष बसन्त ढकालको प्रमुख आतिथ्य तथा नेपाल उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष जीवनप्रसाद वझाको विशिष्ट आतिथ्यतामा आयोजित कार्यक्रमकाबिच साहित्यकार प्रा.डा. हिरण्यलाल ज्ञवालीलाई १४औं लुम्बिनी साहित्य पुरस्कार २०८२ र श्री रत्न सायमी १२औं जानकी देवी आध्यात्मिक साहित्य पुरस्कार २०८२ ले पुरस्कृत गरी सम्मान गरिएको थियो ।

संस्थाका व्यवस्थापक विनोदप्रताप ज.व.रा.द्वारा सञ्चालित कार्यक्रममा सञ्चालक सदस्य सुजिता शेरचनले स्वागत मन्तव्य प्रस्तुत गरेकी थिइन भने शिक्षा उपसमिति संयोजक डा.बाबुराम ज्ञवाली र सिद्धार्थ साहित्य परिषद् भैरहवाका अध्यक्ष डिल्लीराज भट्टराईले पुरस्कृत व्यक्तित्वको परिचय दिएका थिए ।

कार्यक्रममा वरिष्ट साहित्यकार विजय सागर, देव बाबा डा. नारायण शर्मा, रुद्र ज्ञवालीले अतिथिको मन्तव्य दिँदै पुरस्कृत तथा सम्मानित व्यक्तित्वहरुलाई बधाई ज्ञापन गरेका थिए ।

रुपन्देही बचतका अध्यक्ष बसन्त ढकालले हाल सहकारीहरु समस्यामा परेका र त्यस्ता सहकारीहरुको सम्बन्धमा जानकारी गराएका थिए ।

स्थानीय तहमा सञ्चालित सहकारीहरु सबै सवल रहेको र बाहिरबाट आइ सञ्चालन गरेका त्यस्ता सहकारीहरु अप्ठ्यारोमा परेको जानकारी गराउँदै उनले नचिनेको र थाहा नभएका सहकारीमा कारोबार गर्न नहुने जानकारी गराएका थिए । उक्त कार्यक्रममा संस्थाका सदस्य तथा नेपाल उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष जीवन वझाले यस प्रकारको कार्यत्रmमहरु सहकारीले गरेको खण्डमा साहित्य र संस्कृतिलाई जीवन्त राख्न टेवा पुग्ने बताए ।

यस वर्षको पुरस्कारका लागि छनोट भएका साहित्यकार ज्ञवाली र सायमीलाई प्रमुख अतिथि, विशिष्ट अतिथि तथा अध्यक्षले नगद पुरस्कार १५,००५ सहित प्रमाणपत्र प्रदान गरेका थिए ।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमिसुधार तथा मालपोत कार्यालय
तौलिहवा, कपिलवस्तु

हकवालाको नाँउको ३५ दिने सूचना ।

मितिः- २०८२/०१/०७

उपरोक्त विषयमा जिल्ला कपिलवस्तु महाराजगंज नगरपालिका वडा नं. २ मौजा पडरिया (साविक गा.वि.स. महाराजगंज बड़ा नं. ४) बस्ने बनवारी अहिरको नाति, राम लखन अहिरको छोरा ज.ध. राम सिंगार अहिर (यादव) को नाममा दर्ता रहेको तपसिल बमोजिमको जग्गा मेरो भोगचलन रहेको साथै उक्त जग्गामा कुनै सरकारी सार्वजनिक जग्गा नघुसेको, विक्रि वितरण लगायत अन्य कुनै पनि व्यहोराले हक हस्तान्तरण नभएको र हदबन्दीमा समेत नपरेको हुँदा मेरो नाममा श्रेस्ता कायम गरी ज.ध. प्रमाण पुर्जा पाँउ भनि मिति २०८१ / ११ / २० को निवेदन माग अनुसार यो ३५ दिने सूचना प्रकाशित गरिएको छ । निजको नाममा श्रेस्ता कायम हुन नपर्ने भए यो सूचना टाँस भएको मितिले म्याद भित्र स-प्रमाण सहित यस कार्यालयमा उजुरी गर्नुहोला । सूचना टाँस भएको म्याद भित्र उजुर नगरेमा निम्न लिखित कित्ता नम्बरको जग्गा राम सिंगार अहिर (यादव) को नाममा श्रेस्ता कायम भई जाने छ । पछि कसैको कुनै किसिमको उजुर नलाग्ने व्यहोरा समेत जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| गा.वि.स. | वार्ड नं. | कित्ता नं. र क्षेत्रफल | दर्तावालाको नाम, थर |
|---|---|---|---|
| पडरिया | १क | २६(०-१-१०-०), ३२ (०-०-१३-०), ४३ (०-२-११-०), १८८ (०-१-१९-०), १९६ ( ० १ ० ० ), २५६ (०-१-१७- ०), ४०२०-०-१०-०), ४१० (०-१-३-०), ४३८ (०-२-५- ०),६१७८०-०-१२०) ६२१(०-१-१६-०) | ज.ध.- राम सिंगार अहिर (यादव) बाबु :- राम लखन अहिर बाजेः वनवारी अहिर ठेगानाः- जिल्ला कपिलवस्तु सा.गा.वि.स. महाराजगंज वडा नं. ४ हाल महाराजगंज नगरपालिका वडा नं. २ मौजा पडरिया |
| पडरिया | १ ख | २(०-२-१०-०) | |
| पडरिया | २क | ७८ (०-१-५-०), ३३९(०-१-७-०), ३४४ (०-३-०-०) ४३६ (०-३-१७-०), ४६० (०-१-१७-०) | |
| पडरिया | २ख | ६६(०-१-१३-०१, १४१ (०-२-०-०) | |
| पहरिया | ३क | ८६ (०.६-१५-०), १२१(० ०-६०), २७९ (०-१-१५- ०), ३२७०-१-१९-०), ३७३ (०-०-१७-०), ३९८ (०-१- ५-०), ४१८(०-२-१४-०), १०६५ (०-०-१०-०) | |
| पहरिया | ३ख | २४९०-६-९-०), २५२ (०-३-२-०) | |
| पडरिया | ४ | ३३४(०-४-१५-०), ५४६ (०-५-१३-० ) | |

पुनश्चः- उपरोक्त अनुसार नामसारी गरि दिनु भनि महाराजगंज नगरपालिका २ नं. वडा कार्यालयको च.नं. ५४४ मिति २०८१।११।१२ गते सिफारिस भई आएको ।

निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

रुक्माङ्गद ज्ञवालीको नाति, भोजेन्द्रनाथ शर्मा ज्ञवालीको छोरा लुम्बिनी प्रदेश गुल्मी जिल्ला सत्यवती गाँउपालिका वडा नं. ०५ बस्ने तोयानाथ शर्मा ज्ञवालीले यस शाखामा बचत खाता नं. २०९१५२४०३०४०१५ संचालन गर्दै आउनु भएको मा मिति २०७९/०५/०९ मा निज खातावाला तोयानाथ शर्मा ज्ञवालीको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको श्रीमती नाता पर्ने जमुना देवी ज्ञवालीले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक तोयानाथ शर्मा ज्ञवालीको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
गुल्मी शाखा, नेपाल एसबिआई बैंक लिमिटेड
फोन नम्बर :- ०७९-५२१०२९
फ्याक्स:- ०७९-५२११९४

सरावल गाउँपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं ।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं ।
- पानी उमालेर मात्र पिउने गरौं ।
- आफ्नो गाउँ एवम् बजार वरपरको वातावरण सफा राखौं ।
- सबैखालका विभेदको अन्त्य गरौं ।
- गाउँपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं ।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं ।

अनुरोधक
सरावल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवलपरासी (बसुप), लुम्बिनी प्रदेश, नेपाल

विनयी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुम्किबास, नवलपरासी (बर्दघाट-सुस्तापूर्व)
गण्डकी प्रदेश, नेपाल
स्थाः २०७३

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रथम पटक प्रकाशन मितिः २०८२/०१/१२

यस कार्यालयबाट मिति २०८२/०१/०३ गते आवहान भएको ठेक्कामा तपसिल बमोजिमको बोलपत्र दाताको कबोल अंक सारभूत रुपमा प्रभावग्राही भएकोले बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को प्रयोजनार्थ सम्बन्धित सबैको लागि प्रकाशन गरिएको छ ।

| सि.न. | बोलपत्र न. | खोला खण्डको विवरण | छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम (मु.अ.क. बाहेक) |
|---|---|---|---|---|
| 1 | 37/BTRM/ NBC/Rev/ 2081-082 | Sirwar Khare Section | Anupam Nirman Sewa, Chhahara -04, Palpa | 2042000.00 |

प्रमुख प्रशासकीय अधिकृत

ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297




*तीन पत्रकार पुरस्कृतः*

नेपाल पत्रकार महासंघले बुटवल उप-महानगरको आर्थिक सहयोगमा स्थापना गरेको उत्कृष्ट पत्रकारिता पुरस्कारबाट तेजेन्द्र केसी तथा सूर्यप्रसाद प्रधान स्मृति पत्रकारिता पुरस्कारबाट अमृता अनमोल र रामप्रसाद आचार्य पुरस्कृत भएका छन् । केसीले नगद एक लाख तथा अनमोल र आचार्यले ५०-५० हजार नगद पुरस्कार पाएका छन् । उनीहरुलाई महासंघले बिहीबार आयोजना गरेको मिडिया मन्थन कार्यक्रमका नगरप्रमुख खेलराज पाण्डेय, नेपाल पत्रकार महासंघकी केन्द्रीय अध्यक्ष निर्मला शर्मालगायतले उक्त पुरस्कार वितरण गरेका हुन् । तस्विर : दैनिक लुम्बिनी

# पत्रकारद्वारा जिल्ला प्रशासनमा धर्ना



भैरहवा । शान्ति सुरक्षा र आरोपी पक्राउको माग राख्दै रूपन्देहीका पत्रकार बिहीबारदेखि आन्दोलित भएका छन् ।

एपीवान टेलिभिजनका पत्रकार राधेश्याम विश्वकर्मामाथि तस्करको समूहले गरेको आक्रमण प्रयास र दुब्वर्यवहारविरुद्ध पत्रकारहरु आन्दोलित भएका हुन् । यस अघि जिल्ला प्रशासन कार्यालय रूपन्देहीमा ७२ घण्टे अल्टिमेटम दिँदै पत्रकारहरुले आरोपीलाई पक्राउ गरी कारबाहीको दायरामा ल्याउन माग गरेका थिए ।

आफ्नो मागहरुबारे प्रशासन गम्भीर नभएको आरोप लगाउँदै लुम्बिनी प्रेस क्लबले जिल्ला प्रशासन कार्यालय रूपन्देहीमा एक घण्टा धर्ना र प्रदर्शन गरेको लुम्बिनी प्रेस क्लबका अध्यक्ष कमल रायमाझीले जानकारी दिए ।

यसैबिच नेपाल पत्रकार महासंघको केन्द्रीय अध्यक्ष निर्मला शर्माले रूपन्देहीको पत्रकारहरुको आन्दोलन केन्द्रीय समितिको आन्दोलनको रुपमा रहेको बताइन् । उनले पत्रकारले खिचेको भिडियो डिलिट गराउनु सामान्य विषय नभएको बताइन् । यस्तै नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष शुक्रऋषि चौलागाईंले प्रहरीकै उपस्थितिमा भिडियो डिलिट गर्न लगाउनु र हिरासतबाटै तस्कर भगाउनुले प्रहरी र तस्करको सम्बन्धबारे स्पष्ट पारेको बताए ।

रूपन्देहीका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले प्रशासनले यो घटनालाई गम्भीरतापूर्वक लिएको बताए । पत्रकार विश्वकर्मा सोमबार कृषि तथा पशुपंक्षी विकास मन्त्री रामनाथ अधिकारीसहितको प्रतिनिधिसभा कृषि सहकारी तथा प्राकृतिक श्रोत समितिको अनुगमनको समाचार संकलनमा जाने क्रममा मर्चवारकै दिपेश यादव नाम बताउने युवाको समूहले दुर्व्यवहार गरेको थियो । बाटोमै भइरहेको अवैध ओसार प्रसारको भिडियो खिच्ने क्रममा यादवसहितको टोलीले विश्वकर्माको क्यामेरा, मोटरसाइकलको साँचो, पत्रकार परिचय पत्र खोसेर उनलाई पनि केही बेर नियन्त्रणमा राखेको थियो । पछि प्रहरी आएपछि प्रहरीकै अगाडि क्यामेरामा भएको दृश्य उक्त समूहले मेटाउन लगाएको थियो ।

यस विषयमा पत्रकार विश्वकर्माले इलाका प्रहरी कार्यालय मझगावामा जानकारी गराएपछि प्रहरीले घटनामा संलग्न दिपेश यादवलाई पक्राउ गरेको थियो । सोही दिन पक्राउ गरेको आरोपी यादवलाई इलाका प्रहरी कार्यालय मझगावाबाट नै भगाइएको थियो ।

यसैबिच आरोपी यादव बिहीबार साँझ कक्रहवा नाकाबाट पक्राउ परेका छन् ।

# नवलपुरका चिकित्सकहरू पनि आन्दोलनमा



नवलपुर । सरकारी सरह निर्वाह भत्ता माग गर्दै निजी मेडिकल कलेजमा कार्यरत आवासीय चिकित्सकहरु प्रदर्शनमा उत्रिएका छन् । सेतो पोशाक लगाएर उनीहरु काठमाडौंका माइतीघर मण्डलादेखि देशभरका सदरमुकाममा बिहीबार प्रदर्शन गरे ।

चिकित्सा शिक्षा आयोगको २५ माघमा बसेको १६औं बैठकले आवासीय चिकित्सकलाई सरकारी आठौं तहको तलब सुविधा दिन निजी मेडिकल कलेजलाई निर्देशन दिएको थियो । तर निजी मेडिकल कलेजले निर्देशन अवज्ञा गरेका छन् ।

आन्दोलनरत चिकित्सकका अगुवाहरुले चिकित्सा शिक्षा आयोगको निर्णय कार्यान्वयनको माग गरेका छन् । उनीहरुले शुक्रबार देशभरका अस्पतालमा आकस्मिक बाहेकका सेवा ठप्प पार्ने चेतावनी दिएका छन् ।

यता नवलपुरका चिकित्सकहरुले पनि देशव्यापी आन्दोलनको समर्थन गर्दै कावासोतीमा ऱ्याली एवम् जिल्ला प्रशासन कार्यालय अगाडि धर्ना दिएका छन् । धर्नापछि नवलपुर मध्यविन्दु प्रादेशिक अस्पतालका डा. अर्जुन घिमिरेले आन्दोलनरत चिकित्सकहरुको माग पूरा नभए आकस्मिक बाहेकका सेवाहरु ठप्प पार्न बाध्य हुने बताए ।

# निजी मेडिकल कलेजलाई कारबाहीको चेतावनी

बुटवल । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले आवासीय चिकित्सकलाई सरकारी सरह भत्ता नदिए निजी मेडिकल कलेजलाई सहयोग नगर्ने चेतावनी दिएका छन् ।

बिहीबार नेपाल चिकित्सक संघ, आवासीय चिकित्सकले गठन गरेको स्वास्थ्यकर्मीका लागि सुरक्षित कार्यस्थल समितिसँगको छलफलमा मन्त्री पौडेलले आवासीय चिकित्सकलाई निर्वाह भत्ता ८औं तहको निर्णय गरे पनि निजी मेडिकल कलेजले नटेरेको भन्दै निर्णय कार्यान्वयन नगरेसम्म मन्त्रालयबाट कुनै पनि सहयोग नहुने बताए ।

मन्त्री पौडेलले सरकारले गरेको निर्णयलाई जुनसुकै हालतमा पनि लागू गर्ने बताए । 'निजी मेडिकलले ४८ हजार निर्वाह भत्ता कार्यान्वयन नगरेसम्म मन्त्रालयसँग सरोकार रहेका कुनै पनि काम अगाडि बढ्दैन,' मन्त्री पौडेलले भने-'निजी मेडिकल सञ्चालकले यस विषयमा थप तर्क गरिराख्न पर्दैन ।'

निजी मेडिकल सञ्चालकले सेवामूलकभन्दा पनि व्यापारको हिसाबले मात्रै हेरिएको उनको भनाइ छ ।

पीजीको सिट र शुल्क बढाउनका लागि छलफल गर्न सकिने उनले जनाए । उनले सरकारले गरेको निर्णय कार्यान्वयन नगर्नेलाई कारबाहीको प्रक्रिया अगाडि बढाइने बताए ।


## आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः–०७१–५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com


मणिमुकुन्द कप भलिबल :

# गुजरात सेमिफाइनल प्रवेश, एपीएफ, आयोजक र कोशी बाहिरिए



तिलोत्तमा । भारतको साग भलिबल क्लब गुजरात तिलोत्तमामा जारी १०औं मणिमुकुन्द कप पुरूष इन्डो नेपाल क्लब च्याम्पियनसिपको सेमिफाइनलमा प्रवेश गरेको छ ।

तिलोत्तमा २ स्थित क्लबको आफ्नै खेल मैदानमा बिहीबार भएको पहिलो खेलमा एपीएफ क्लबलाई ३-० को सोझो सेटले पराजित गर्दै गुजरातले सेमिफाइनलमा स्थान पक्का गरेको हो ।

लिग चरणका खेल पूरा हुँदा एपीएफसहित आयोजक मणिमुकुन्द भलिबल क्लब र कोशी प्रदेश भलिबल संघ पनि प्रतियोगिताबाट बाहिरिएका प्रतियोगिता संयोजक सुरेन्द्र गुरूङले जानकारी दिए ।

यस क्षेत्रमै पहिलोपटक आयोजना भएको रात्रिकालीन भलिबल प्रतियोगिता बैशाख १३ सम्म चल्ने क्लबका निवर्तमान अध्यक्ष मिलन रानाले जानकारी दिए ।

प्रतियोगितामा प्रथम हुनेले नगद रु ३ लाख ११ हजार एक सय ११ रुपैयाँ, दोस्रो हुने टिमले नगद २ लाख ११ हजार एक सय ११ रुपैयाँ, तेस्रो हुनेले १ लाख ११ हजार एक सय ११ रुपैयाँ तथा सान्त्वना हुने टिमले ६६ हजार ६ सय ६६ रुपैयाँ तथा कप र प्रमाणपत्र हात पार्ने आयोजक क्लबका अध्यक्ष लोकेन्द्र भण्डारीले बताए ।

उत्कृष्ट खेलाडीले १५ हजार, विधागततर्फ ६ जना खेलाडीहरूलाई नगद रु १० हजारका दरले नगद र मेडल, प्रमाणपत्रले पुरस्कृत गरिने छ । प्रतियोगितामा इरान र भारतका खेलाडीको सहभागिताले खेल रोमाञ्चक भइरहेको छ ।

# विद्यालय सञ्चालन गर्न गाउँपालिकाको आग्रह

नवलपरासी । हुप्सेकोट गाउँपालिकाले आगामी आइतबारदेखि अनिवार्य रूपमा विद्यालयहरू सञ्चालन गर्न आग्रह गरेको छ । गाउँपालिकाले बिहीबार एक सूचना जारी गर्दै नयाँ शैक्षिकसत्रको प्रारम्भसँगै विद्यार्थी भर्ना अभियान तथा नियमित पठनपाठन सञ्चालन गर्न विशेष आग्रह गरेको हो ।

गाउँपालिका अध्यक्ष लक्ष्मीदेवी पाण्डेले सूचना जारी गर्दै देशभरका शिक्षक र विद्यालय कर्मचारीको संविधान सम्मत माग पूरा गर्न नेपाल सरकारले शुक्रबारदेखि नै संसद्को अधिवेशन आह्वान गरिसकेको र ऐन तथा नियमावली निर्माण एक कार्यविधिगत प्रक्रिया रहेकाले विधेयक संसदमा प्रस्तुत गर्नेदेखि विषयगत समितिमा दफावार छलफल एवं पारित गर्ने क्रममा अझैं केही समय लाग्ने हुँदा विद्यालय सञ्चालन गर्न आग्रह गरेकी हुन् ।

पत्रमा लेखिएको छ-"यो विषम परिस्थितिको अन्तर मनदेखि मनन् गरी मिति २०८२/०१/१४ गते आइतबारदेखि अनिवार्य रूपमा विद्यालय सञ्चालन गर्नुहुन प्रधानाध्यापक, शिक्षक एवं विद्यालय कर्मचारीलाई अनुरोध गर्दै विद्यालय व्यवस्थापन समिति र वडा कार्यालयबाट अनुगमन गर्नुहुन जानकारी गरिन्छ ।"

# एमसीसी बन्द गर्ने निर्णय

**लुम्बिनी संवाददाता**
*बुटवल*

ट्रम्प प्रशासनले अमेरिकी अनुदान सहयोग परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) बन्द गर्ने भएको छ । एलन मस्क नेतृत्वको अमेरिकी सरकारी दक्षता विभाग (डज)ले अमेरिकी अनुदान सहयोग परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) बन्द गर्ने निर्णय गरेको हो ।

विकासशील देशहरूसँग साझेदारी गरेर आर्थिक वृद्धिलाई प्रवर्धन गर्ने संस्थालाई मस्कको दक्षता विभागले संघीय खर्च घटाउने प्रयासको एक भागको रूपमा बन्द गर्न लागेको सीएनएनले जनाएको छ ।

एमसीसी परियोजनाअन्तर्गत नेपालमा पनि सडक र हाइड्रोपावरको प्रसारण लाइनका काम एमसीए नेपालमार्फत् अघि बढाइएको छ ।

सीएनएनको समाचारअनुसार विभागले मंगलबार सबै कर्मचारीलाई पठाएको इमेलमा एमसीसी अनुदान सहयोग बन्द हुने व्यहोरा उल्लेख छ ।

सोअनुसार संस्थाका कर्मचारी पनि कटौती गरिनेछ । ९० दिनभित्र एमसीसीका सबै कार्यक्रमहरू बन्द गरिने जानकारी दिइएको सीएनएनले जनाएको छ ।

इमेलअनुसार ३२० जनाभन्दा बढी कर्मचारी भएको यो संस्थाले योग्य कर्मचारीहरूलाई स्वैच्छिक अवकाश र स्थगित राजीनामाको विकल्प दिएको छ । प्रस्तावमा रुचि राख्नेहरूलाई अप्रिल २९ सम्म इमेल पठाउन भनिएको छ । केही कर्मचारीहरूलाई मे ५ बाट बिदामा राख्न सकिने जनाइएको छ, यद्यपि यसबारे मिति स्पष्ट गरिएको छैन ।

सन् २००४ मा कंग्रेसद्वारा सिर्जना गरिएको एमसीसीले युक्रेन एल साल्भाडोर र नेपाललगायत दर्जनौं विकासशील देशहरूलाई पूर्वाधार र नीति सुधारका लागि सहयोग गर्दै आएको थियो । एमसीसी परियोजना सन् २००४ मा अमेरिकी कंग्रेसद्वारा राष्ट्रपति जर्ज डब्लु बुशको कार्यकालमा स्थापना गरिएको थियो ।

एमसीसीलाई चीनको बेल्ट एण्ड रोड पहलप्रति अमेरिकी प्रतिक्रियाको रूपमा हेरिएको छ ।


## आगलागीबारे चनाखो बनौं

-खाना पकाइसकेपछि आगो, ग्याँस, चुल्हो, स्टोभ वा हिटर निभाऔं ।
-सिलिण्डरको रेगुलटर, पाइप,चुल्होबाट ग्यास चुहावट (लिक) भएको छ/छैन ख्याल गरौं ।
-पेट्रोल लगायत प्रज्वलनशील पदार्थको गन्ध आए बेवास्ता नगरौं ।
-सलाई, लाइटरजस्ता वस्तु बालबालिकाले भेट्टाउने ठाउँमा नराखौं ।
-गोठमा कुँडो पकाइसकेपछि राम्ररी आगो निभाऔं । जथाभावी आगो नबालौं,
-चुरोट, तमाखु, चिलिम, हुक्का र सुल्फा नखाऔं ।
-बिजुलीका तार, प्लग, स्वीच वा वायरिङ्गको नियमित जाँच गरौं ।
-घरबस्ती नजिकै पोखरी, ट्यांकी वा अरु कुनै तरिकाले पानीको जोहो गरौं ।

आगलागी भएमा स्थानीय तह, प्रहरी कार्यालय, दमकल, स्थानीय प्रशासन कार्यालयमा खबर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## आगलागीबारे चनाखो बनौं

-खाना पकाइसकेपछि आगो, ग्याँस, चुल्हो, स्टोभ वा हिटर निभाऔं ।
-सिलिण्डरको रेगुलटर, पाइप,चुल्होबाट ग्यास चुहावट (लिक) भएको छ/छैन ख्याल गरौं ।
-पेट्रोल लगायत प्रज्वलनशील पदार्थको गन्ध आए बेवास्ता नगरौं ।
-सलाई, लाइटरजस्ता वस्तु बालबालिकाले भेट्टाउने ठाउँमा नराखौं ।
-गोठमा कुँडो पकाइसकेपछि राम्ररी आगो निभाऔं । जथाभावी आगो नबालौं,
-चुरोट, तमाखु, चिलिम, हुक्का र सुल्फा नखाऔं ।
-बिजुलीका तार, प्लग, स्वीच वा वायरिङ्गको नियमित जाँच गरौं ।
-घरबस्ती नजिकै पोखरी, ट्यांकी वा अरु कुनै तरिकाले पानीको जोहो गरौं ।

आगलागी भएमा स्थानीय तह, प्रहरी कार्यालय, दमकल, स्थानीय प्रशासन कार्यालयमा खबर गरौं ।



लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com